## संवत् २०७९ साल जेठ १० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ९५ बमोजिम सङ्घीय संसदको दुबै सदनको संयुक्त बैठकलाई संवत् २०७८ साल जेठ १० गते मङ्गलबारका दिन हुने सम्बोधन स्वीकृत गर्ने। | |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयुक्त राज्य अमेरिकामा सञ्चालन हुने Cyber Security Leadership Program तथा Training मा सहभागी हुन नायब महान्यायाधिवक्ता डा. टेक बहादुर घिमिरेको भ्रमण स्वीकृत गर्ने। |
| ३. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयुक्त राज्य अमेरिकाको हवाइस्थित होनोलुलुमा मिति २०७९ जेठ १८ देखि २० सम्म आयोजना हुने Comprehensive Security Course मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेशका प्रमुख सचिव श्री कृष्णबहादुर राउतलाई सहभागी हुन स्वीकृति दिने। |
| ४. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | २०७९ जेठ १८ देखि २५ गतेसम्म भारतमा आयोजना हुने High-level Nepal Study Mission to India on Right to Food and Food Sovereignty Act कार्यक्रममा सहभागी हुन माननीय कृषि मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| ५. | गृह मन्त्रालय | सार्वजनिक हितको लागि २५ वटा आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ६. | परराष्ट्र मन्त्रालय | २०७९ जेठ ११ गते आयोजना हुने नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको भर्चुअल माध्यमबाट हुने १४ औं बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने। |
| ७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | आगामी जेठ २९ देखि असार ५ सम्म जर्मनी, बेल्जियम र फ्रान्समा Learning and Knowledge Sharing on European cooperative system and good practices on Agricultural, fruit and vegetable Cooperatives market development कार्यक्रममा सहभागी हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री नेतृत्वको भ्रमण टोलीलाई स्वीकृति प्रदान गर्ने। |
| ८. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | रुवान्डाको किगालीमा मिति २०७९ जेठ २३ देखि असार २ गते सम्म आयोजना हुने World Telecommunication Development Conference (WTDC) मा भाग लिन सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई स्वीकृति दिने। |
| ९. | लोक सेवा आयोगको सिफारिसबमोजिम नेपाल कृषि सेवा, मत्स्य समूह, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा नियुक्ति तथा पदस्थापन गर्ने। | |

| १०. | निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवहरूको देहायबमोजिम सरुवा गर्नेः |
|---|---|

| क्र. सं | नाम थर | हालको पद तथा निकाय | सरुवा गरिएको पद तथा निकाय |
|---|---|---|---|
| १ | श्री रविन्द्रनाथ श्रेष्ठ | सचिव; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | प्रमुख अधिकृत; राष्ट्रिय सतर्कता केन्द्र |
| २ | श्री सुरेश आचार्य | सचिव; खानेपानी मन्त्रालय | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | श्री मणिराम गेलाल | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव; खानेपानी मन्त्रालय |
| ४ | श्री सुशिलचन्द्र तिवारी | प्रमुख अधिकृत; राष्ट्रिय सतर्कता केन्द्र | सचिव; ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय (ऊर्जा) |
| ५ | श्री गोपालप्रसाद सिग्देल | सचिव; नेपाल ट्रष्टको कार्यालय | सचिव; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |